आज मिति २०७९ साल आषाढ ९ गते बिहीबारका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री प्रलाद सापकोटाज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रलाद सापकोटा | |
| २ | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री कुल प्रसाद सापकोटा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री बालकृष्ण चापागाई | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महतो | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तमाङ्ग | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री यशोदा अधिकारी पौडेल | |
| २१ | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२ | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३ | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २५ | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६ | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७ | सचिव (प्र.प्र.अ.) | श्री शिशिर पौडेल | |

अन्य उपस्थिती :

विज्ञ सल्लाहकार श्री रामहरि न्यौपाने

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

" श्री उर्मिला तमाङ्ग दाहाल

**निर्णय नं. १**

वजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको यस नगरपालिकाको तपसिल वमोजिम विधेयक तथा बार्षिक वजेट नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१. आर्थिक विधेयक
२. विनियोजन विधेयक
३. वजेट योजना तथा कार्यक्रम
४. वार्षिक नीति तथा कार्यक्रम

**निर्णय नं. २**

यस नगरपालिकाको लेखा समितिका सदस्य श्री संजिव पौडेल जिल्ला समन्वय समितिमा निर्वाचित हुनुभएकोले रिक्त सदस्य पदमा रत्ननगर न.पा. वडा नं. ६ का वडा सदस्य श्री विरेन्द्र महतोलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका वडा नं. २ को तरकारी बजारमा नेपाल सरकार भूमी व्यवस्था तथा गरिवी निवारण मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको CMDP परियोजना र यस रत्ननगर नगरपालिकाको साझेदारीमा सहकारी बजार निर्माणका लागि श्री Sunrise & Irfan JV, Birgunj-13, Murli, Parsa, Nepal संग मिति २०७७ फाल्गुण १३ गते सम्झौता भइ मिति २०७८।०३।१७ मा सम्पन्न हुनु पर्नेमा पटक पटक ताकेता गर्दा समेत समयमा काम सम्पन्न नगरेको र कार्य प्रगति सन्तोषजनक नरहेको हुँदा नियमानुसार जरिवाना वापतको रकम कट्टी गरी ठेक्का सम्झौता रद्ध गर्ने तथा बाँकी कार्यका लागि परियोजनाको अवधी ३ महिना मात्र बाँकी भइ समयावधी छोटो भएकोले बोलपत्र प्रक्रियाबाट खरिदकार्य गर्दा समय लाग्ने भएको हुँदा उपभोक्ता समिति मार्फत निर्माण गराउने निर्णय गरियो ।